## बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८१ साल साउन ३२ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २९ बमोजिम आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्री सुरज चन्द्र लामिछानेलाई बागमती प्रदेश सरकारको प्रवक्ता तोक्ने। |
| २. | प्रदेश सरकारलाई थप आर्थिक व्ययभार नपर्ने गरी मिति २०८१ भदौ २६ गतेदेखि असोज ८ गते (तद्अनुसार ११ देखि २४ सेप्टेम्बर २०२४) सम्म चीनमा आयोजना हुने Seminar on Public Finance Reform for Nepal कार्यक्रममा सहभागिताका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव श्री श्रवण कुमार पोखरेलको मनोनयन स्वीकृत गर्ने। |
| ३. | बागमती प्रदेश सभा सचिवालय, संसदीय दलको कार्यालयको प्रशासनिक कार्यसम्पादन एवम् व्यवस्थापन गर्न आ.व. २०८१/८२ का लागि कम्प्युटर अपरेटर (पाँचौं तह)-४, सहायक कम्प्युटर अपरेटर (चौथो तह)-१ र कार्यालय सहयोगी (तह विहीन)-४ गरी जम्मा ९ (नौ) वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ४. | बागमती प्रदेश सभा सचिवालयको आ.व. २०८१/८२ का लागि तामाङ्ग भाषा अनुवादक (सहायकस्तर पाँचौं तह)-१ र नेपाल भाषा अनुवादक (सहायकस्तर पाँचौं तह)-१ गरी जम्मा २ (दुई) वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ५. | नेवार समुदायले ऐतिहासिक तथा धार्मिकरूपमा मनाइने गाईजात्रा पर्वको उपलक्ष्यमा सम्वत् २०८१ साल भाद्र ४ गते मङ्गलवारका दिन बागमती प्रदेशभरि सार्वजनिक बिदा दिने। |
| ६. | आ.व. २०८१/८२ का लागि युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतको प्रदेश खेलकुद विकास परिषद्का लागि इन्जिनियर (सिभिल ७/८ तह)-१ र सब इन्जिनियर (सिभिल ५/६ तह)-१ गरी जम्मा २ (दुई) वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ७. | आ.व. २०८१/८२ का लागि भौतिक पूर्वाधार विकास मन्त्रालय तथा अन्तर्गतका विभिन्न कार्यक्रम र आयोजना सञ्चालन गर्न जम्मा १०६ वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ८. | आ.व. २०८१/८२ का लागि स्वास्थ्य मन्त्रालय र मातहतका केन्द्रीय निकाय, अस्पताल, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय र जनस्वास्थ्य कार्यालयहरूको जम्मा १४३ वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ९. | आ.व. २०८१/८२ का लागि खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय र अन्तर्गतका निकायका जलवायु अनुकूलित वृहत् खानेपानी आयोजना तर्फको जम्मा ९९ वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १०. | आ.व. २०८१/८२ का लागि सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालय तथा सामाजिक विकास कार्यालयहरूको जम्मा ४५ वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ११. | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गतको निर्देशनालय तथा कार्यालयको आर्थिक वर्ष २०८१/८२ को लागि जम्मा ९ वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

| | |
|---|---|
| १२. | क) संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०८१/८२ को लागि पर्यटन विकास आयोजना, हेटौंडामा-२५ र पर्यटन विकास आयोजना, इकाई कार्यालय, काठमाडौंमा-२६ गरी जम्मा ५१ वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने।<br>ख) बागमती प्रदेश समस्याग्रस्त सहकारी संस्थाको निमित्त गठित व्यवस्थापन समितिको कार्यालय, काठमाडौंको लागि जम्मा १४ वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १३. | संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय अन्तर्गतको पर्यटन विकास आयोजना, हेटौंडा र पर्यटन विकास आयोजना, इकाई कार्यालय, काठमाडौंको मिति २०८१ साल श्रावण १ गतेदेखि २०८२ साल असार मसान्तसम्म १ (एक) वर्ष म्याद थप गर्ने। |

**सम्वत् २०८१ साल साउन १३ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | माननीय मुख्यमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकारमा नुवाकोट जिल्ला तादी गाउँपालिका, वडा नं. २ स्थायी ठेगाना भएका विनोद शाहलाई प्रदेश सुशासन ऐन, २०७७ को दफा ३५ बमोजिम नियुक्त गर्ने र प्रदेश सुशासन नियमावली, २०७७ को नियम २० बमोजिम राजनीतिक सल्लाहकारको सेवा सुविधा तथा काम, कर्तव्य र अधिकार स्वीकृत गर्ने। |